## स्नातक कार्यक्रमहरूमा कोटाको लागि आवेदन दिंदा चाहिने आवश्यक कागजातहरू

### १) इ. अ. सं./ त्रि. वि., शिक्षक/कर्मचारी कोटा (६.२) को लागि

#### क) इ. अ. स. /त्रि. वि., शिक्षक/कर्मचारी स्वयम् को हकमा

- क) आवेदक आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढ्न खोजेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ग) इ. अ. स./त्रि. वि., शिक्षक/कर्मचारी कोटाको लागि Online Application Form भरेको Confirmation Page ।
- घ) नियुक्ति पत्र को प्रमाणित प्रतिलिपि । (स्थायी नियुक्ति पाई कार्यरत रहि परीक्षण काल समाप्त भएको हुनु पर्छ)
- ङ) सम्बन्धित डीनको कार्यालय वा रजिस्ट्रारको कार्यालयबाट बाट पूर्व स्वीकृती पत्र ।

#### ख) इ. अ. स. /त्रि. वि., शिक्षक/कर्मचारी का छोरा छोरी को हकमा

- क) आवेदक आफू कुन क्याम्पसको शिक्षक/कर्मचारीको छोरा छोरी हो र कुन विषय पढ्न खोजेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ग) इ. अ. स./त्रि. वि., शिक्षक/कर्मचारी का छोरा छोरीको कोटाको लागि Online Application Form भरेको Confirmation Page ।
- घ) नियुक्ति पत्र को प्रमाणित प्रतिलिपि । (स्थायी नियुक्ति पाई कार्यरत रहि परीक्षण काल सकिएको हुनु पर्छ)
- ङ) सम्बन्धित शिक्षक/कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट आवेदक निजको छोरा/छोरी हो भन्ने उल्लेख सहितको भर्ना समितिको नाममा सिफारिस पत्र ।

### २) त्रि. वि. आरक्षित विपन्न कोटा (६.३) को लागि

- क) आवेदक आफुले कुन कुन समुदायको तर्फबाट आवेदन दिएको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ग) त्रि. वि. आरक्षित विपन्न कोटा को लागि Online Application Form भरेको Confirmation Page ।
- घ) सम्बन्धित जातीय महासंघ/आयोग/प्रतिष्ठान वा जिल्ला प्रशासन कार्यालयबाट उक्त व्यक्ति सम्बन्धित जाती/समुदायमा परेको उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट उक्त व्यक्ति सो ठाँउको स्थायी बासिन्दा भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ङ) कक्षा ८, ९ र एसईई सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा ८, ९ र एसईई तहको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि ।
- च) कक्षा ८, ९ र एसईई पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- छ) कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक/सरकारी वा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा ११ र १२ वा सो सरहको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि । (कक्षा ११ र १२ नियमित रूपमै (पहिलो प्रयासमै) उत्तीर्ण भएको हुनु पर्नेछ ।)
- ज) कक्षा ११ र १२ वा सो सरहको तहमा पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । यदि नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले छात्रवृत्ति प्राप्त गरेको भनि उल्लेख गरेको प्रमाणपत्र वा सम्बन्धित विद्यालय भएको वडा कार्यालयले उक्त कार्यालयको सिफारिसमा NEB छात्रवृत्तिमा अध्ययन गरेको भनि उल्लेख गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- झ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट प्रमाणीकरण गरिएको अनुसूची १ मा भएको रितपूर्वक भरिएको सकल फारम र उक्त फारममा उल्लेखित कागजातहरू ।

ञ) सम्बन्धित नगरपालिका वा गाउँपालिका वा सम्बन्धित पालिकाको वडा कार्यालयबाट उक्त आवेदक नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्युन आयश्रोत भइ गरिबीको रेखामुनि परेको भनि यस क्याम्पसको भर्ना समितिको नाउँमा लेखिएको सिफारिस पत्रको सक्कल प्रति ।

## ३) सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूले प्रायोजन गर्ने कोटा (६.४) को लागि

### क) कार्यरत कर्मचारी को हकमा

- क) आवेदक आफू कुन सरकारी कार्यालयमा कार्यरत कर्मचारी हो कुन विषयमा पढ्न चाहेको हो र कुन संस्थाले प्रायोजन गर्न चाहेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ग) सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेको संस्थानहरूमा कार्यरत कर्मचारीहरूको कोटाको लागि Online Application Form भरेको Confirmation Page ।
- घ) सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेको संस्थानहरूमा कार्यरत कर्मचारीहरू ४ वर्षको लागि (आर्किटेक्चर भए ५ वर्षका लागि) अध्ययनमा सम्मिलित हुन सक्ने विभागीय स्वीकृती पत्रको सक्कल प्रति । (उक्त प्रायोजन गर्ने संस्था नेपाल सरकारको जिल्ला स्तरीय संस्था हुनु पर्नेछ वा जिल्ला स्तरीय संस्था द्वारा सिफारिस गरिएको हुनु पर्ने छ )
- ङ) कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो त्यो खुल्नेगरी प्रायोजन गर्ने प्रतिबद्धता सहितको प्रायोजन गर्ने संस्थाको पत्रको सक्कल प्रति ।

### ख) नेपाल सरकार बाट सूचीकृत गरीएका वर्गको हकमा

- क) आवेदक आफू कुन विषयमा पढ्न चाहेको हो र कुन संस्थाले प्रायोजन गर्न चाहेको हो सो खुलाएर भर्ना समितिलाई सम्बोधन गरेको निवेदन ।
- ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ग) सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूको प्रायोजन गर्ने कोटाको लागि Online Application Form भरेको Confirmation Page ।
- घ) सम्बन्धित जातीय महासंघ/आयोग/प्रतिष्ठान वा जिल्ला प्रशासन कार्यालयबाट उक्त व्यक्ति सम्बन्धित जाती/समुदायमा परेको उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ङ) कक्षा ८, ९ र एसईई सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा ८, ९ र एसईई तहको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि ।
- च) कक्षा ८, ९ र एसईई पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- छ) कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक/सरकारी वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा ११ र १२ वा सो सरहको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि ।
- ज) कक्षा ११ र १२ वा सो सरहको तहमा पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । यदि नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले छात्रवृत्ति प्राप्त गरेको भनि उल्लेख गरेको प्रमाणपत्र वा सम्बन्धित विद्यालय भएको वडा कार्यालयले उक्त कार्यालयको सिफारिसमा NEB छात्रवृत्तिमा अध्ययन गरेको भनि उल्लेख गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- झ) निज आवेदकलाई यस क्याम्पसमा भर्ना गराउन प्रायोजन गर्ने भनि गरिएको निर्णयको प्रमाणित प्रतिलिपि ।
- ञ) कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो त्यो खुल्नेगरी प्रायोजन गर्ने प्रतिबद्धता सहितको प्रायोजन गर्ने संस्थाको पत्रको सक्कल प्रति ।

## ४) For Foreign Quota

- a) Application letter to admission committee as a foreign applicant.
- b) Attested copy of Passport or ID with photo provided by the embassy.
- c) Confirmation page of online application form applied for foreign quota.
- d) Bank voucher of NRs 5000.00 paid in campus account.